# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं चैत्र ११ गते ०८ साल

## भाग ४

## खाद्य, कृषि तथा भूमिव्यवस्थामन्त्रालयको

### विज्ञप्ति

नयाँ जमीन आवाद् गर्ने दरखास्तसाथ माग गरेमा सो जग्गा आवाद् गर्न दिन सर्वतरहबाट मनासीव छ छैन, त्यसको पूरा जाँच गरेर मात्र दरखास्तवालालाई दिने नदिने टहर गर्नुपर्छ ।

सो जाँच गर्दा निम्न विषयप्रति विशेष ध्यान राख्नुपर्छ:—

(I) सो जमीन कुनै व्यक्ति अथवा व्यक्ति समुदाय गाउँ, बस्तीको सन्धि सर्पण हो होइन, जस्तै—लागो, तगारो, मसान च्याहान, चरान, गौचर पानीघाट ऐन सवालबमोजिम जाँच्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

( ii ) कुनै ठाउँमा गाउँघर आवादी बस्ती धानी मूल, वन जङ्गलको संरक्षणको निमित्त त्यस्ता जमीन पर्ती नै छोड्न अथवा त्यसमा रूख बुटैं भै राख्न उचित्त पर्दछ । यस्ता जग्गाको गम्भीरसँग हरेक दृष्टिकोणबाट जाँच गरेर मात्र आवादलायक नालायक ठहराउनुपर्छ ।

( iii ) जमीनको माग बढ्दा उपरोक्त विषयमाथि दृष्टि नराखी जोतखन आवाद गर्दा गराउँदा वैन्हो पैन्हो लड्नु, पानी मूल सुक्नु, जङ्गल गौचर विनष्ट भई भीषण क्षतिग्रस्त हुनु र त्यसको नतिजा राष्ट्रको आर्थिक उन्नतिमा भयङ्कर बाधक हुनु आजकल एक स्वाभाविक घटना नै भैरहनेछन् । यसको प्रतिशोध गर्नु सबै कर्मचारी र जनसाधारणले आफ्नो कर्तव्य सम्झनुपर्छ । यस्तो जमीन र अलाभदायी जमीन वितरण गर्न दिने नदिने हक सरकारकै रहनेछ ।

( iv ) खेतीको निमित्त जमीन जत्तिको दरकार छ, खेतीपातीका मूल सहायक गाई भैंसी गोरू र अरू जनावरका चारा चरानको निमित्त गौचरको उत्तिकै आवश्यकता छ । एकको क्षतिबाट अर्कोलाई लाभ सर्वथा मिल्न सक्तैन । तसर्थ हरेक गाउँ बस्ती आवादीमा सन्तुलन हिसाबले चरान गौचरको निमित्त आवश्यक भूमि गाउँको संयुक्त अधिकारमा राख्नु सर्वथा वाँछनीय छ ।

( v ) जुन जमीन आर्थिकदृष्टिबाट आवादलायक देखिनआउँछ, अरू उपरोक्त हिसाबले दिन हुने ठहरिए तापनि त्यस्ता जमीन दिन नदिनु सरकारकै निर्णयाधीन रहनेछ ।

( vi ) नियमानुसार उत्कृष्ट सहयोगपद्धति अपनाई खेती गर्ने चाहनेहरूलाई विशेष सुविधा दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

( vii ) विशेष तवरको कृषि उद्यान अनुसंधनि कार्य इत्यादि वृहतपरिधि मार्ग नथानेहरूलाई उनीहरूको आयोजनाको जाँचगरी उपयुक्त ठहरिएमा सरकारतर्फबाट बिशेषाधिकार दिइने छ ।

## भूमिवितरण नियम

१ आवादलायक जमीन सर्वप्रथम स्थानीय सर्वहारा सुकुमवासी र त्यसपछि राजनैतिक पीडितलाई नै दिनुपर्छ। त्यसपछि अरू सुकुमवासी तथा आफ्नो जमीनबाट जीविका गर्न नपुग्ने कृषकहरुलाई दिनुपर्छ। यसैकारणले जुन सुकै जमीन आवादी निमित्त दरखास्त जोसुकैको परे तापनि:—

क. सरोकारवाला अड्डाल स्थानीय गाउँ पञ्चायत, संघ, संस्था र सार्वजनिक कार्यकर्ताका सहयोगद्वारा सर्वहारा सुकुमवासी र जीवकायोग्य जमीन नभएका कृषकका सूची तैयार पारी तिनीहरूको आवश्यकता पूर्ति गरेर मात्र अरूहरूको मागप्रति बिचार गरिनेछ।

ख. जमीन थोरै र उपरोक्त व्यक्ति परिवार धेरै हुन गएमा त्यस्ता व्यक्ति अथवा परिवारमध्ये उनीहरूको अरू जीविका उपायपट्टि ध्यान राखी सन्तुलन हिसाबले बाँडिदिइनेछ ।

२. जग्गा बितरण गर्दा एक सामान्य परिवारलाई तराईमा भए जमीन हेरी १० विगाहासम्म र पहाडमा भए खेत २५ रोपनी या पाखो ५० रोपनीसम्म र खेत पाखो दुवै भए सन्तुलन हिसाबले त्यतमा नबढाई दिइनेछ ।

क. कुनै हालतमा पनि एक सामान्य परिवारलाई दफा २ मा तोकिएको भन्दा बढी जग्गा दिइनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।